# "शहिद स्मृती राष्ट्रिय फुटबल प्रतियोगिता मकवानपुर गोल्डकप सञ्चालन व्यवस्थापन अनुदान कार्यान्वयन कार्यविधि -२०७९"

प्रदेश खेलकुद विकास परिषद
Province Sports Development Council

युवा तथा खेलकुद मन्त्रालय

प्रदेश खेलकुद विकास परिषद

बागमती प्रदेश हेटौंडा मकवानपुर

प्रस्तावनाः

प्रदेश भित्रका विभिन्न क्लब तथा संघसंस्थाहरुलाई खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि प्रदान गरिने सहयोग तथा अनुदानलाई व्यवस्थित गर्न प्रदेश खेलकुद विकास ऐन-२०७५ तथा नियमावली २०७६ बमोजिम प्रदेश खेलकुद विकास परिषद्ले "स्थानीय तह चौथो शहिद स्मृती राष्ट्रिय फुटबल प्रतियोगिता मकवानपुर गोल्डकप सञ्चालन कार्यान्वयन कार्यविधि-२०७९" जारी गरेको छ । मकवनपुर जिल्ला फुटवल संघको विधान सस्था दर्ता प्रमाण-पत्र तथा प्रस्तावित प्रमाणित वजेटलाई आधार मानि उक्त फुटवल संघलाई यस कार्यविधिका व्यवस्था वमोजिम अनुदान रकमको खर्च गर्न तथा अनुदान रकमको न्यायोचित कार्यान्वयन गराउनु यस मापदण्डको मुल मकसद रहेको छ।

परिच्छेद — १

प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम "स्थानीय तह चौथा शहिद स्मृती राष्ट्रिय फुटबल प्रतियोगिता मकवानपुर गोल्डकप सञ्चालन कार्यान्वयन कार्यविधि -२०७९"रहेको छ । यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. मन्त्रालय भन्नाले युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेशलाई सम्झनुपर्छ ।

ख. परिषद् भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशलाई सम्झनुपर्छ ।

ग. सदस्य भन्नाले समितिका सदस्यहरुलाई सम्झनुपर्छ ।

घ. सदस्य सचिव भन्नाले परिषद्को सदस्य सचिवलाई सम्झनुपर्छ ।

ङ. समिति भन्नाले प्रदेश खेलकुद विकास ऐन बमोजिम गठित जिल्ला खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

च. एन्फा भन्नाले राष्ट्रिय खेलकुद परिषदमा दर्ता भएको फुटबल गतिविधि गर्ने अखिल नेपाल फुटबल संघ लाई सम्झनुपर्छ ।

छ. सघ—सस्था र क्लव भन्नाले प्रचलित कानुन बमोजिम सरकारी निकायमा दर्ता भएका खेलकुद गतिविधि गर्ने संस्थालाई सम्झनुपर्छ ।

ज. फुटबल क्लव भन्नाले अखिल नेपाल फुटबल संघमा दर्ता रहेका सबै क्लबलाई सम्झनुपर्छ ।

झ. प्रतियोगिता भन्नाले मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा २०७९ जेष्ठ १९ देखि ३० सम्म हेटौंडाको पिप्ले क्याम्पाडाँडा रंगशालामा सञ्चालन हुने स्थानीय तह

चौथो शहिद स्मृती राष्ट्रिय फुटबल प्रतियोगिता मकवानपुर गोल्डकप-२०७९ लाई सम्झनुपर्छ।

## ३. उद्देश्यः

क. जनस्तरमा खेल संस्कृतिको विकास गर्ने ।

ख. प्रदेश तहका खेलाडीहरुलाई खेलकुद प्रतियोगितामा सहभागि गराई प्रोत्साहन गर्ने ।

ग. खेलकुदको विकासमा योगदान पुर्याउने संस्थाहरुलाई सहयोग गर्ने ।

घ. प्रदेशका बढी भन्दा बढी खेलाडिहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी गराइ खेलाडीहरुको क्षमता अभिबृर्दी गर्दै प्रतिभावन खेलाडी उत्पादन गर्ने ।

# परिच्छेद — २

## अयोजना तथा व्यवस्थापन

### ४ प्रतियोगिताको अयोजना तथा व्यवस्थापनः

मकवानपुर जिल्ला फुटवल संघको प्रस्ताव वमोजिम चौथो शहिद स्मृती राष्ट्रिय फुटवल प्रतियोगिता मकवानपुर गोल्डकप सञ्चालन तथा व्यवस्थापनको लागि प्रतियोगिता आयोजक समिति गठन गर्नुपर्ने छ ।उक्त समितिमा परिषद्को तर्फबाट सदस्य सचिवले तोकेको १ जना प्रतिनिधि रहनेछ ।

### आयोजक समितिको काम कर्तव्य अधिकार

क. फुटवल प्रतियोगिता सञ्चालनको लागि स्थान समय र ढाँचा निर्धारण गर्ने

ख. खेल पुर्वाधारको लागि अन्य निकायहरुसँग समन्वय गरि फुटवल ग्राउण्ड सकभर नि शुल्क प्रयोगको व्यवस्था मिलाउने ।

ग. प्रतियोगिता सञ्चालनको लागि प्राविधिक समिति गठन गर्ने साथै प्राविधिक समितिको सिफारिसमा निर्णायक छनौट गर्ने

घ. परिषदबाट उपलब्ध अनुदान रक्कम स्विकृत गरि खर्च गर्ने साथै विभिन्न प्रायोजनहरुसंग सहककार्य गरि थप आर्थिक स्रोत व्यवस्थापन गर्ने ।

ङ. फुटवल प्रतियोगितमा दर्शकको लागि निशुल्क वा टिकट निर्णय गरि टिकट भए टिकट दर अनिवार्य खुलाउने । साथै विक्रि भएका टिकटको रसिद खाता तयार पार्ने ।

ङ. स्वास्थ उपसमिति (सामन्य प्रकृतिका चोट पटको लागि प्राथामिक उपचार गर्ने गराउने साथै गम्भिर प्रकृतिका चोटपटको अवस्थामा अस्पताल रिफर गर्ने प्रयोजनको लागि)

-माथि गठित उमसमितिमा बढिमा तिन सदस्य रहने

-उपसमितिले आयोजक समितिले निर्धारण गरेवमोजिमका कार्यक्षेत्र अन्तर्गत गरेका कार्य तथा निर्णयको प्रतिवेदन आयोजक समितिमा पेश गर्ने

- अन्य विविध विषयमा आयोजक समितिको निर्णय अनुसार कार्य गर्नुपर्नेछ ।

## परिच्छेद — ३

## आर्थिक व्यवस्थापन

- फुटवल प्रतियोगिता सञ्चालनमा हुने सम्पुर्ण खर्चहरु आयोजक समितिको संयोजकको स्विकृति लिई गर्नुपर्ने
- परिषदबाट निकासा भएको अनुदान रकम देहायवमोजिमका प्राथामिककतामा शिर्षकमा खर्च गर्नुपर्ने

१. पुरस्कार वितिरण
२. शिल्ड मेडल प्रमाणपत्र वितरण
३. खेलाडि प्रशिक्षक निर्णायको दैनिक भत्ता
४. खेलाडी बसोबास/यातायात/खाना/खाजा
५. प्रतियोगिता उद्घघाटन/समापन समारोह
६. खेल सामग्री खरिद
७. अतिथि सत्कार
८. अन्य विविध

## खर्चको मापदण्ड

१. फुटवल प्रतियोगितामा सहभागी खेलाडी/प्रशिक्षक/व्यवस्थापक/निर्णायकहरुलाई खाना खाजा तथा बसोबासको व्यवस्था आयेजकले गर्नसक्ने छ या दैनिक भत्ता उपलब्ध गराउन चाहे प्राविधिक समितिबाट प्राप्त म्याच रिपोर्टको आधारमा प्रदेश खेलकुद नियमावलीले व्यवस्था गरेको खर्च सुविधा अनुसार गर्नुपर्ने छ ।

२. फुटवल प्रतियोगितामा निर्णायक भई काम गर्ने निर्णायकहरुलाई रेफ्री गरेको दिन मात्र अन्तर्राष्ट्रिय निर्णायकलाई ६०० तथा राष्ट्रिय निर्णायकलाई ५०० मा नबढ्ने गरि

पन्ध्र प्रतिशत कर कट्टा गरि निर्णायक भत्ता उपलब्ध गराउन सकिने यस प्रयोजनको लागि निर्णायकको परिचय खुल्ने परिचय पत्र अनिवार्य गरिएको छ । आयोजकले फिपाको नियमनूसार थप सुविधा दिन चाहे मकवानपुर जिल्ला फुटबल संघको निर्णय अनुसार आन्तरिक श्रोतबाट उपलब्ध गराउन सक्नेछ ।

३. फुटवल प्रतियोगिता सञ्चालन गर्न स्वयमसेवक आवश्यक पर्ने भए प्राविधिक समितिबाट कोटा निर्धारण गरि प्रतियोगिता समाप्त भएको भोलिपल्ट स्वत रद्द हुने गरि काममा खटाउन सकिने यस प्रयोजनको लागि स्यवयमसेवकलाई प्रतिदिन ६०० मा नबढ्ने गरि नगदै वा हाजिरिको आधारमा खाना/खाजा गरि ६०० मा नबढ्ने गरि खाना विल संलग्न गर्न सकिने छ । नगद वितरण गर्दा रु ६०० मा अनिवार्य पन्ध्र प्रतिशत कर कट्टा गर्नुपर्ने छ।

४. निर्णायकलाई प्रतिव्यक्ति रु १०००। नबढ्ने गरि जर्सि भत्ता थप उपलब्ध गराउन सकिने जर्सि जिन्सि दिदा वाहेक नगद भर्पाईमा पन्ध्र प्रतिशत कर कट्टी गराउने

५. प्रतियोगिताको विजयी टिमलाई मकवानपुर जिल्ला फुटवल संघले प्रस्तावमा पेश गरे वमोजिम नगद रु १५००००० लाख तथा उप विजेतालाई १०००००० लाख उपलब्ध गराउने साथै अन्य विधागततर्फ उत्कृष्ट गोलरक्षक रु २५०००। उत्कृष्ट फर्वाड रु २५०००। उत्कृष्ट हाईस्कोरर रु २५०००। उत्कृष्ट डिफेन्स रु २५०००। उत्कृष्ट खेलाडी रोयल ईनफिल्ड बुलेट बाइक । हरेक दिन म्यान अफ द म्याच रु १० हजार जम्मा ११ खेल हुने । यस प्रयोजको लागि रु पाच लाख भन्दा बढीको पुरस्कारको हकमा नियमानूसार पच्चिस प्रतिशत कर कट्टी गरि बाँकी रकम भुक्तानी दिने व्यवस्था मिलाउनु पर्नेछ।

६. प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि ५० प्रतिशत रकम अगाडि तथा बाँकी रकम प्रतियोगिताको सम्पूण पक्ष समटिएको प्रतिवेदन सहित सम्पन्न भएको १५ दिन भित्र उपलब्ध गराईने छ ।

## परिच्छेद—४

## खेलकुद सामाग्रि खरिद तथा व्यवस्थापन सम्वन्धमा

१. खेल सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै अन्य प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ

२. खरिद गरिएका खेल सामग्रीहरुको आम्दानी खाता जनाइ अनिवार्य स्टोर दाखिला गर्नुपर्ने छ साथै खर्च भएर जाने सामाग्रीको हकमा प्राविधिक समितिवाट अनिवार्य प्रतिवेदन पेश गर्नुपर्ने हस्तान्तरण गर्दा माग फारम सामेल गर्नुपर्ने

३. खरिद भएको खेल सामाग्रीहरु आम्दानी तथा खर्च खाता तयार गरि हिसाव भिडाउने साथै मौज्दात खेलसामाग्री विवरण परिषदमा पेश गर्ने

## परिच्छेद-५

## अनुदान रकमको लेखा तथा लेखा परिक्षण

परिषदबाट उपलब्ध अनुदान रकम प्रचलित कानुन वमोजिम लेखा राखी आन्तरिक लेखां परीक्षाण तथा अन्तिम लेखा परिक्षण गराइ चालु आ व २०७८/०७९ समासीको नब्बे दिन भित्र अन्तिम लेखा परिक्षण प्रतिवेदन परिषदमा पेश गर्नुपर्ने छ ।

## परिच्छेद-६

## प्रचलित कानुन बमोजिम हुने

यस कार्यविधिमा उल्लेखित विषय यस मापदण्ड वमोजिम हुने अन्य कुराको हकमा नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत प्रचलित कानुन वमोजिम हुने छ ।

## परिच्छेद-७

## अनुगमन तथा मुल्याङ्कन

अनुदान रकमको उध्येश्य अनुरुप काम भए नभएको परिषदद्वारा नियमित तथा आकस्मिक अनुगमन हुन सक्ने छ । अनुगमनका क्रममा अनुदान रकमको दुरुपयोग हिनामिना भएको पाईएमा प्रचलित कानुन वमोजिम अशुल उपर गरि जिम्मेवार कर्मचारी / पदाधिकारीलाई कानुनी कारवाहीको दायरामा ल्याईने छ ।

च. प्रतियोगित सञ्चालन गर्न आवश्यक स्वयमसेवकको कोटा निर्धारण गरि परिचालन गर्ने ।

छ. प्रतियोगिताका विजयी खेलाडीको लागि मेडल ट्रफि प्रमाणपत्र लगाएतका विषयमा निर्णय गर्ने ।

ज. मकवानपुर जिल्ला फुटवल संघले प्रतियोगिता सञ्चालनमा आउने भैपरी कार्य गर्ने गराउने ।

झ. फुटवल प्रतियोगिता सञ्चालनको क्रममा आउन सक्ने सम्भवित खेल विवाद समाधान गर्न तथा खेलाडी छनोटका लागि एक प्राविधिक समिति जिल्ला फुटबल संघले गठन गर्नसक्ने छ ।

## प्राविधिक समितिको गठन

१.फटवल खेलसंग सम्वन्धित— संयोजक

२. फुटवल खेलको अन्तराष्ट्रिय वा राष्ट्रिय निर्णायक — सदस्य

३. फुटवल प्रशिक्षक एक जना — सदस्य

## प्राविधिक समितिको काम कर्तव्य अधिकार

क. फुटवल खेल सञ्चलनको क्रममा देखिने सम्मपुर्ण विवाद समाधान गर्ने

ख. कार्यकारी समितिलाई फुटवल प्रतियोगिता सञ्चालनको सम्वन्धमा आवश्यकता अनुकुल राय दिने साथै खेल सञ्चालनको लागि निर्णायक कोटा निर्धारण तथा सिफारिस गरि लिखित जानकारी कार्यकारी समितिमा पेश गर्ने

ग. कार्यकारी समितिलाई अन्य प्राविधिक विषयमा सहयोग गर्ने

घ. उत्कृष्ट तथा विधागत उत्कृष्ट खेलाडी छनोट गर्ने ।

प्रतियोगित सञ्चालनलाई थप व्यवस्थित तथा मर्यादित र भए रहित वनाउने उद्देश्यले आयेजक समितिले कार्यक्षेत्रगत शर्त तथा कार्यक्षेत्र तोकि देहायवमोजिम उपसमिति गठन गर्न सक्नेछ ।

क. प्रचार प्रसार उपसमिति (कार्यकारी समितिले काम कर्तव्य तोक्ने छ)

ख. खेलस्थल व्यवस्थापन उपसमिति

ग. अनुशासन तथा सुरक्षा व्यवस्थापन उपसमिति

घ. यातायात तथा सार्वजनिक भाडा निर्धारण समिति (यातायात खर्च सार्वजनिक यातायात समितिले निर्धारण गरेवमोजिमको भाडा दर लागु हुने छ)